TRIBHUVAN UNIVERSITY
CENTRAL DEPARTMENT OF NEPALESE, HISTORY, CULTURE AND ARCHAEOLOGY

# BULLETIN

त्रिभुवन विश्वविद्यालय
नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग

# बुलेटिन

(त्रैमाशिक, चौथो अङ्क, भाद्र-कार्तिक २०८०)

## संस्कृति विषयमा पहिलो पटक दर्शनाचार्य (एम्‌फिल्)

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभागबाट पहिलोपटक वि.सं. २०८० सालको आश्विनसम्ममा ६ जना विद्यार्थीहरुले दर्शनाचार्य (एम्‌फिल) तह उत्तीर्ण गरेका छन् । यस विभागबाट पहिलोपटक दर्शनाचार्य तह पूरा गर्ने विद्यार्थीहरु श्री शालिकराम राई, श्री भूपाल सेन्दांग, श्री देवनारायण बराल, श्री लक्ष्मी खरेल, श्री समिक शर्मा र श्री अशोक उपाध्याय हुन् । वि.सं. २०७९ सालदेखि सुरु भएको यस तहमा थप ५ जनाले शोधपत्र लेखन कार्य गरिरहेका छन् । यस अवधिमा सिधै विद्यावारिधि तहमा भर्ना हुन निवेदन दिएको २ जना विद्यार्थीले पठनसूची, संश्लेषणपत्र र शोधप्रस्ताव लेखन कार्य पूरा गरी विद्यावारिधिको शोधपत्र लेख्ने चरणमा पुगेका छन् । यस साल दर्शनाचार्य तथा विद्यावारिधि तह दोस्रो सेमेस्टरमा जम्मा १७ जना विद्यार्थीहरु अध्ययनरत छन् ।

## प्रयोगात्मक तालिमः पुरातात्विक उत्खनन्‌को तयारी

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयको स्नातकोत्तर तह दोस्रो सेमेस्टरको क्षेत्रगत पुरातत्व विषयको प्रयोगात्मक तालिम र परीक्षा यस पटक पनि कपिलवस्तु भेगमा हुने भएको छ । नेपाल पुरातत्व विभाग, बेलायतको दुराम विश्वविद्यालय, युनेस्को र लुम्बिनी विकास कोशसँग मिलेर यस विभागका विद्यार्थी तथा शिक्षकले पनि उत्खनन्‌मा भाग लिने छन् । यस वर्षको उत्खनन् आगामी २०२४ जनवरी १० देखि सुरु हुने जानकारी पुरातत्व विभागबाट प्राप्त भएको छ ।



## अन्तर्राष्ट्रिय कन्फिरेन्समा प्राध्यापकहरुको सहभागिता

यस विभागका सहप्राध्यापक डा. पुनमराज्य लक्ष्मी राणा र उपप्राध्यापक डा. निर्मला पोखेलले भारतको बेरहमपुर विश्वविद्यालय, उडिसाको इतिहास विभागले ३ देखि ४ अक्टोवर सन् २०२३ मा आयोजना गरेको **RELOOKING AT INDIAN HISTORY: SCIENCE, BELIEF AND NARRATIVE** नामक अन्तर्राष्ट्रिय कन्फिरेन्समा भाग लिएका छन् । उक्त कन्फिरेन्समा दुवैजनाले नेपालको इतिहासका बारेमा कार्यपत्र प्रस्तुत गरेको बुझिएको छ ।

## सम्पदा अभिलेखिकरण परियोजना बारे छलफल

हाल काठमाडौं उपत्यकाको ललितपुर क्षेत्रमा सञ्चालित सम्पदा अभिलेखिकरण परियोजनाका सम्पूर्ण कार्यहरु यस विभागसँग सम्बन्धित भएकाले विभागका स्नातक तहका विद्यार्थीहरुलाई प्रयोगात्मक रुपमा नै उक्त कार्य गर्न प्रोत्साहन गर्ने विषयमा परियोजनाका पदाधिकारी र विभागका बीचमा छलफल भएको छ । उक्त परियोजनामा ललितपुर भेगका प्रत्येक सम्पदा क्षेत्रमा रहेका प्रत्येक अभिलेखहरुका साथमा कला र वास्तुकलाको शूक्ष्म अध्ययन गरी प्रत्येक सम्पदाको अभिलेखिकरण गर्ने कार्य भई रहेकाले उक्त कार्यमा यस विभागका विद्यार्थीहरुलाई पनि सहभागी गराउने विषयमा छलफल भएको छ । यस छलफल कार्यक्रममा परियोजनाका तर्फबाट डा. राजन खतिवडा र भरत महर्जन तथा विभागका तर्फबाट विभागीय प्रमुख प्रा.डा. सोमप्रसाद खतिवडाको सहभागिता रह्यो । यसका लागि तत्काल एक दिने सम्पदा यात्रा आयोजना गरी थप कार्यक्रम बनाउने विषयमा पनि छलफल भएको छ ।

यस अवधिमा चन्द्रागिरी नगरपालिका र काठमाडौं महानगरपालिकासँग पनि सम्पदाको अध्ययन अनुसन्धान गर्ने सन्दर्भमा छलफल भएको छ । महानगरपालिका भित्रका सम्पदाको अध्ययनमा यस विभागका विद्यार्थीलाई प्रोत्साहन गर्ने तथा महानगरले पनि आवश्यक सहयोग प्रदान गर्ने विषयमा छलफल अगाडि बढेको हो ।

## भक्तपुर नगरपालिकाबाट छात्रबृत्ति प्रदान

भक्तपुर नगरपालिका भित्र स्थायी बसोबास भएका तथा यस नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागका एम्.ए., दर्शनाचार्य र विद्यावारिधि तहमा अध्ययनरत विद्यार्थीहरुलाई भक्तपुर नगरपालिकाले छात्रबृत्ति प्रदान गर्ने गरेको छ। यस अवधिमा यस विभागमा एमए दोस्रो सेमेस्टरमा अध्ययनरत श्री रोसिका जधारी र चौथो सेमेस्टरमा अध्ययनरत श्री सूना प्रजापतिलाई सम्पूर्ण शुल्क प्रदान गरेको छ। साथै यस विभागमा एम्फिल तह तेस्रो सेमेस्टरका राजेश गैजु तथा यसै तहको दोस्रो सेमेस्टरमा अध्ययनरत श्री शकुन्तला पञ्चलाई पनि नगरपालिकाले पूर्ण छात्रबृत्ति प्रदान गरेको छ।

## एपिनिचसँग सहकार्य गर्ने स्वीकृति

यस विभागले विगत केही वर्ष अगाडिदेखि एपिनिच नामक अन्तर्राष्ट्रिय संस्थासँग सहकार्य गर्दै आएको छ। उक्त अवधिमा विद्यार्थी तथा शिक्षकहरुलाई अमूर्त सांस्कृतिक सम्पदाका बारेमा हुने विभिन्न अन्तर्राष्ट्रिय सेमिनार, छलफल र गोष्ठिमा भाग लिन विभिन्न ठाउँमा पठाउने कार्य गर्दै आएकोमा हाल आएर त्रिभुवन विश्वविद्यालयको प्रतिनिधिका रुपमा यस विभागले उक्त कार्य निरन्तर गर्ने गरी विश्वविद्यालयले स्विकृति प्रदान गरेको छ। यसबाट विद्यार्थी र प्राध्यापकहरु सवै लाभान्वित हुने तथा विश्वविद्यालयको प्रतिष्ठा पनि बढेर जाने विश्वास गरिएको छ।

## सांस्कृतिक भवन निर्माणका लागि माटो परिक्षण

विभागको सांस्कृतिक भवन निर्माणका लागि विभाग परिसरमा माटो परीक्षण गर्ने कार्य सम्पन्न भएको छ। भारतीय दुतावासबाट यस विभागका लागि सांस्कृतिक भवन निर्माण गर्न G2G कार्यक्रम अन्तर्गत रु ५ करोड रुपैयाँ स्वीकृत भएकाले भवन निर्माण स्थलको माटो परीक्षण गर्नु परेको हो।



## सरसफाई अभियान

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग परिसरमा बृहत्तर सरसफाई अभियान सम्पन्न गरिएको छ। विभागका एम्फिल तथा पिएच्डी तह तेस्रो सेमेस्टरका विद्यार्थीहरुको नेतृत्वमा उक्त कार्यक्रम मिति २०८० श्रावण ५ गते सम्पन्न भयो। यस कार्यक्रममा एम्फिल तथा पिएच्डी तह प्रथम र तेस्रो सेमेस्टर तथा एम्.ए. प्रथम सेमेस्टरका विद्यार्थीहरु तथा विभागका प्राध्यापक र कर्मचारीहरुको सकृय सहभागिता रह्यो।



## पुष्पबाटिका निर्माण

विभागको सुन्दरताका लागि विद्यावारिधि, दर्शनाचार्य र स्नातकोत्तर तहका विद्यार्थी, शिक्षक तथा कर्मचारीहरुबाट विभाग परिसरमा फूल रोप्ने कार्य पनि सम्पन्न भएको छ। दर्शनाचार्य दोस्रो सेमेस्टरका विद्यार्थीको नेतृत्वमा गमला खरीद गर्ने तथा सामुहिक रुपमा फूलका विरुवा रोप्ने कार्य गरिएको छ।



सम्पादकः प्रा.डा. सोमप्रसाद खतिवडा, विभागीय प्रमुख
इमेलः head@cdnhca.tu.edu.np, फोनः ०१४३३१९७६